७. नेपाल नारी–संरक्षण विधेयक २०११ पौष ५ गते २०११

८. नेपाल विवाह बिल, २०११ माघ ११ गते २०११

९. नेपाल नहर बाँध पैन बिल, २०११ माघ १८ गते २०११

१०. सरकारको अर्थसम्बन्धी प्रस्तावहरुलाई कार्यान्वित गर्नको निमित्त बनेको विधेयक माघ १८ गते २०११

आज्ञाले—

कुलशेखर शर्मा

सेक्रेटरी—सल्लाहकारसभा सचिवालय.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २

स्वास्थ्यमन्त्रालय—अन्तर्गत श्रीपशुपति होमियोप्याथिक डिस्पेन्सरीलाई एकजना मेडिकल अफिसर चाहिएको छ। योग्य उमेदवारहरुले प. स. क. दरखास्त फारामनं. १ (२०१०) मा भरी २०१२ साल आषाढ १३ गते रोज २ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमुना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउनुपर्दैन।

पदको विवरण यस प्रकार छः—

१. पदः—मेडिकल अफिसर डाक्टर, ननगजेटेड, स्थायी तथा पेन्शन पाइने

२. आवश्यक न्यूनतम योग्यताः— होमियोप्याथिक स्टेट मेडिकल फ्याकल्टी गभर्मेन्टले मान्यता दिएको होमियोप्याथिक डिप्लोमा वा डिग्री हासिल गरेको हुनुपर्छ।

३. कामः—होमियोप्याथिक डाक्टर।

४. मासिक तलब र भत्ताः—तलब मोरु. १००। भत्ता मोरु. १५।

खड्गमान मल्ल,

सेक्रेटरी— पब्लिक सर्भिस कमिशन,

सिंहदरबार, काठमाडौं नेपाल.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।